# तारखोला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## अर्गल, बागलुङ
## २०७३

प.सं.:०८२।०८३ गण्डकी प्रदेश, नेपाल

**कृषक/कृषि फर्म/कृषक समूह/कृषि सहकारीको लागि कार्यक्रम संचालनको लागि आवेदन पेश गर्ने सम्बन्धि सूचना**

**(दोश्रो पटक प्रकाशित मितिः२०८२-०८-१९)**

ताराखोला गाउँपालिका, बागलुङको आ.व. २०८२-०८३ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत तपसिलका कार्यक्रमहरु संचालन गर्न ईच्छुक ताराखोला गाउँपालिका भित्रका कृषक/कृषि फर्म/कृषक समूह/कृषि सहकारीले यो सूचना प्रकाशन भएको मितिले ७ दिन(२०८२-०८-२५) भित्र कार्यालय समयमा तोकिएको ढाँचामा कार्यक्रम प्रस्ताव सहीत तपसिल बमोजिमका आवश्यक कागजातहरु संलग्न राखी ताराखोला गाउँपालिका, कृषि विकास शाखामा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

| क्र. स. | कार्यक्रमको नाम | अनुदान प्रतिशत | बजेट रु हजारमा | कैफीयत |
|---|---|---|---|---|
| १. | मौरी तथा तेलहन बाली प्रवर्द्दन कार्यक्रम | ७५% | १५० | • मौरी पालनका लागि आवश्यक उपकरणहरु जस्तै मौरीको घार, धूवाँदानी, मह छान्ने जाली, क्विन गेट, क्विन केज, फिडर आदि |
| २. | तरकारी उत्पादनका प्रवर्द्दनका लागि बिउ तथा मलचिङ्ग प्लाष्टिक सहायता | ७५% | ११० | • तरकारी उपादनमा संलग्न कृषकका लागि उन्नत विउ, कृषि सामग्री सहयोग |
| ३. | यान्त्रीकरण कार्यक्रम | ५०% | २०० | • उत्पादन, प्रशोधन र बजारीकरणमा उपयोग हुने साना कृषि औजार जस्तै मिनी टिलर, कुट्ने पिस्ने मिल, स्प्रेयर आदि |
| ४. | स्याउ, अलैंची, बोधिचित्त नर्सरी स्थापना बेर्ना वितरण कार्यक्रम | अधिकतम ८५% | ५०० | • अलैचिको विरुवा वितरण तथा नर्सरी स्थापना, बोधीचित्तको विरुवा<br>• उच्च घनत्तव स्याउको विरुवा वितरण |
| ५. | फलफूल बगैंचा व्यवस्थापन तथा सुदृढीकरण | ५०-१००% | २०० | • कृषि समाग्री/औजार/उपकरण सहयोग जस्तै किविको लागि पोल, सिकेचर, करौंती, रोग किरा व्यवस्थापनका लागि बोर्डो मिश्रण, Hail Net आदि<br>• किवि पोलको लागि कृषकले कम्तिमा ६ बोट किविको विरुवा लगाएको हुनुपर्ने |



प्रेमल रिजाल
प्रमख प्रशासकीय अधिकृत

CamScanner

ताराखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अर्गल, बागलुङ
२०७३

प.सं.:०८२।०८३ गण्डकी प्रदेश, नेपाल

आवश्यक कागजातहरु:

१. निवेदन।
२. नेपाली नागरिकताको प्रमाणपत्र।
३. जग्गा धनीको लालपूर्जाको प्रतिलिपि वा भाडाको जग्गा भए कम्तिमा ५ वर्ष जग्गा करारनामा सम्झौताको प्रतिलिपि।
४. सम्बन्धित वडा कार्यालयको सिफारीस।
५. कृषि फर्म,समुह, वा सहकारीले देहायका कागजातहरु संलग्न गर्नुपर्नेछ(दर्ता/स्थापना सम्बन्धी कागजातको प्रतिलिपि,नविकरणको प्रतिलिपि,गत आ.व को कर चुक्ताको प्रतिलिपि,स्थायी लेखा नम्बरको प्रमाणपत्र,अघिल्लो दुई आर्थिक वर्षमा अनुदानको लागि प्रस्ताव आह्वान गरिएकोमा कुनै कार्यलयबाट अनुदान प्राप्त गरेको वा नगरेको स्वघोषणा पत्र,समुह/सहकारीको बैठक निर्णयको प्रतिलिपि)।
६. व्यक्तिगत निवेदनको हकमा मौरी तथा तेलहन बाली प्रवर्द्धन कार्यक्रम; स्याउ, अलैंची, बोधिचित्त नर्सरी स्थापना बेर्ना वितरण कार्यक्रम र फलफूल बगैंचा व्यवस्थापन तथा सुदृढीकरण कार्यक्रममा मात्र आवेदन पेश गर्न सकिनेछ।

पुनश्च: माथी उल्लेखीत कार्यक्रमहरु ताराखोला गाउँपालिकाको कृषि तथा पशु सेवा संचालन निर्देशिका-२०८१मा भएको व्यवस्था अनुसार संचालन हुनेछ।साथै उल्लेखीत मिति भित्र आवश्यक कागजात र प्रकृया नपुगेको आवेदनहरुमाथी कुनै प्रकृया अघि बढ्ने छैन।

थप जानकारीको लागि(सम्पर्क नं. ९८६१४८२३५६)

बिमल रिजाल
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

# ताराखोला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## अर्गल, बागलुङ
## २०७३

प.सं.:०८२।०८३ | गण्डकी प्रदेश, नेपाल

**कृषक/कृषि फर्म/कृषक समूह/कृषि सहकारीको लागि कार्यक्रम संचालनको लागि आवेदन पेश गर्ने सम्बन्धि सूचना**

**(दोश्रो पटक प्रकाशित मिति:२०८२-०८-१९)**

तारखोला गाउँपालिका, बागलुङको आ.व. २०८२-०८३ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत तपसिलका कार्यक्रमहरु संचालन गर्न ईच्छुक तारखोला गाउँपालिका भित्रका कृषक/कृषि फर्म/कृषक समूह/कृषि सहकारीले यो सूचना प्रकाशन भएको मितिले ७ (२०८२-०८-२५) दिन भित्र कार्यालय समयमा तोकिएको ढाँचामा कार्यक्रम प्रस्ताव सहित तपसिल बमोजिमका आवश्यक कागजातहरु संलग्न राखी तारखोला गाउँपालिकाको कृषि शाखामा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल:**

| क्र. स. | कार्यक्रमको नाम | अनुदान प्रतिशत | बजेट रु हजारमा | कैफीयत |
|---|---|---|---|---|
| १. | साना सिचांइ प्रवर्द्धन कार्यक्रम | अधिकतम ८५% | ९७५ | • साना सिचांई पूर्वाधार निर्माण/स्तोरन्नीत तथा मर्मत संभार<br>• सिंचाइ पोखरी, कुलो, प्लाष्टिक पोखरी, सिंचाइ पाईप आदि |

आवश्यक कागजातहरु:

१. निवेदन,।
२. नेपाली नागरिकताको प्रमाणपत्र।
३. सिचांइ गरिने जग्गाको क्षेत्रफल खुल्ने कागजात ।
४. सम्बन्धित वडा कार्यलयको सिफारीस।
५. कृषि फर्म,समुह, वा सहकारीले देहायका कागजातहरु संलग्न गर्नुपर्नेछ(दर्ता/स्थापना सम्बन्धी कागजातको प्रतिलिपि,नविकरणको प्रतिलिपि, गत आ.व सम्मको कर चुक्ताको प्रतिलिपि,स्थायी लेखा नम्बरको प्रमाणपत्र,अघिल्लो दुई आर्थिक वर्षमा अनुदानको लागि प्रस्ताव आह्वान गरिएकोमा कुनै कार्यलयबाट अनुदान प्राप्त गरेको वा नगरेको स्वघोषणा पत्र,समुह/सहकारीको बैठक निर्णयको प्रतिलिपि)।

पुनश्च: माथी उल्लेखीत कार्यक्रम प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तिय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि-२०८२ मा भएको व्यवस्था अनुसार संचालन हुनेछ। साथै उल्लेखीत मिति भित्र आवश्यक कागजात र प्रकृया नपुगेको आवेदनहरुमाथी कुनै प्रकृया अघि बढ्ने छैन।

थप जानकारीको लागि(सम्पर्क नं. ९८६१४८२३५६)

बिमल रिजाल
प्रमुख प्रशासकीय अधिकृत

website:- www.tarakholamun.gov.npEmail.id :- ito.tarakholamun@gmail.com

"श्रम, सहकारी, पर्यटन, कृषि, उद्योग र पूर्वाधार:
गुणस्तरीय स्वास्थ्य र शिक्षा एक घर एक रोजगार"

CamScanner